दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ९ (१) बमोजिमको कार्यपालिका बैठकको कार्यसूची बुझेको भरपाई

बैठक संख्याः

मितिः २०७९/१२/०६

बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ

समयः १.०० बजे

| क्र.सं. | कार्यसूचि | कैफियत |
|---|---|---|
| १ | आ.व. २०७९/८० को वार्षिक योजना तथा कार्यक्रम संशोधन | |
| २ | आर्थिक ऐन २०७९ संशोधन | |
| ३ | दंगीशरण गाउँपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छता विधेयक, २०७९ | |
| ४ | दंगीशरण गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण | |
| ५ | विद्यालयका प्रधानाध्यापक नियुक्ति सम्बन्धी मापदण्ड, २०७९ | |
| ६ | विद्यालयका शिक्षकहरूको कामकाज सम्बन्धी मापदण्ड, २०७९ | |
| ७ | आ.व. २०७८/७९ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनले औंल्याएका बेरूजु फछ्र्यौट सम्बन्धी | |
| ८ | पर्यटन शुल्क सम्बन्धी | |
| ९ | बहाल बिटौरी कर सम्बन्धी | |
| १० | आर्थिक सहायता सम्बन्धी | |
| ११ | विविध । | |
| | | |
| | | |
| | | |

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| २. | श्री रमेश भण्डारी | वडाध्यक्ष | |
| ३. | श्री डम्बर खत्री | वडाध्यक्ष | |
| ४. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | |
| ५. | श्री कमल थारू | वडाध्यक्ष | |
| ६. | श्री निरज बस्नेत | वडाध्यक्ष | |

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ७. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |
| ८. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ९. | श्री मिना चौधरी | कार्यपालिकासदस्य | |
| १०. | श्री दुर्पति थरूनी | कार्यपालिकासदस्य | |
| ११. | श्री टंकी भण्डारी | कार्यपालिकासदस्य | |
| १२. | श्री चन्दा योगी | कार्यपालिकासदस्य | |
| १३. | श्री कृष्ण कामी | कार्यपालिकासदस्य | |
| १४. | श्री सितारा नेपाली | कार्यपालिकासदस्य | |

शम्भु गिरी
अध्यक्ष

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँपालिका कार्यपालिकाको कार्यालय हेकुली, दाङ लुम्बिनी प्रदेश, नेपाल

## बैठक नं. ७/२०७९/८०

बैठक बसेको मितिः २०७९/१२/०६

बैठक बसेको स्थानः दंगीशरण गाउँपालिकाको सभा हल

आज मिति २०७९/१२/०६ गतेका दिन दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका सदस्यहरूको उपस्थितिमा दंगीशरण गाउँ कार्यपालिकाको बैठक बसी सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

उपस्थिति

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री शम्भु गिरी | अध्यक्ष | |
| २. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| ३. | श्री निमराज भट्टराई | सचिव | |
| ४. | श्री रमेश भण्डारी | वडाध्यक्ष | |
| ५. | श्री डम्बर खत्री | वडाध्यक्ष | |
| ६. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | |
| ७. | श्री कमल थारू | वडाध्यक्ष | |
| ८. | श्री निरज बस्नेत | वडाध्यक्ष | |
| ९. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |
| १०. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ११. | श्री मिना चौधरी | कार्यपालिकासदस्य | |
| १२. | श्री दुर्पति थरूनी | कार्यपालिकासदस्य | |
| १३. | श्री टंकी भण्डारी | कार्यपालिकासदस्य | |
| १४. | श्री चन्दा योगी | कार्यपालिकासदस्य | |
| १५. | श्री कृष्ण कामी | कार्यपालिकासदस्य | |
| १६. | श्री सितारा नेपाली | कार्यपालिकासदस्य | |

शम्भु गिरी
अध्यक्ष

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

## मिति २०७९/१२/०६ गते बसेको कार्यपालिकाको बैठकका निर्णयहरू

प्रस्ताव नं. १
आ.व. २०७९/८० को वार्षिक योजना तथा कार्यक्रम संशोधन

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाको १३ औं गाउँसभाबाट पारित भएको आ.व. २०७९/८० को वार्षिक कार्यक्रममा समावेश भएका योजना तथा कार्यक्रमहरूमा बजेट थप गर्नुपर्ने, कार्यक्रम हटाउनु पर्ने, संशोधन गर्नु पर्ने तथा नयाँ योजना तथा कार्यक्रमहरू समावेश गर्नुपर्ने भएकोले संशोधन गर्नुपर्ने आवश्यकता परेको ।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाको आ.व. २०७९/८० को वार्षिक योजना तथा कार्यक्रममा आवश्यक संशोधनका लागि दंगीशरण गाउँपालिकाको १४ औं गाउँसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

निर्णयः संशोधन गरी अनुमोदनका लागि १४ औं गाउँसभामा पेश गर्न स्वीकृति दिने।

प्रस्ताव नं. २
आर्थिक ऐन, २०७९ मा संशोधन ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** संशोधन प्रस्ताव पेश नभएको ।

**हुनु पर्ने निर्णयः** संशोधन प्रस्ताव पेश नभएकोले निर्णय गर्नु नपर्ने ।

निर्णयः प्रस्तावमा उल्लेख भएबमोजिम गर्ने ।

प्रस्ताव नं. ३
दंगीशरण गाउँपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छता विधेयक, २०७९ अनुमोदनका लागि गाउँसभामा पेश गर्न अनुमति दिने ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** खानेपानी तथा सरसफाईको व्यवस्थापन गरी स्वस्थ जीवनशैली, स्वस्थकर वातावरण निर्माण तथा स्वच्छ र सुरक्षित पिउने पानीको सुनिश्चतताको लागि खानेपानी तथा सरसफाई सम्बन्धी कानूनको आवश्यकता परेको हुँदा दंगीशरण गाउँपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी ऐनको व्यवस्था गर्न बनेको विधेयक, २०७९ दंगीशरण गाउँपालिकाको १४ औं गाउँसभामा पेश गर्न आवश्यक भएकोले ।

**हुनु पर्ने निर्णयः** सामाजिक विकास समितिको मिति २०७९/१२/०३ गतेको बैठकबाट पेश हुन आएको दंगीशरण गाउँपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी विधेयक, २०७९ लाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी ऐन जारी गर्न दंगीशरण गाउँपालिकाको १४ औं गाउँसभामा पेश गर्ने स्वीकृति प्रदान गर्ने ।

शम्भु गिरी
अध्यक्ष

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

निर्णयः दंगीशरण गाउँपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छता विधेयक, २०७९ अनुमोदनका लागि १४ औं गाउँसभामा पेश गर्ने ।

प्रस्ताव नं. ४

दंगीशरण गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाको संगठन संरचना तथा दरबन्दी तेरिजलाई चुस्त, कम खर्चिलो, समय सान्दर्भिक तथा क्रियाशील बनाउन र संगठन संरचनामा समावेश हुन छुट भएका आधारभूत अस्पताल र आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूको संगठन संरचना तथा दरबन्दी तेरिजलाई समावेश गर्न मौजुदा संगठन संरचना तथा दरबन्दी तेरिजलाई पुनरावलोकन गरी नयाँ संगठन संरचना प्रस्ताव गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न आवश्यक भएकोले ।

**निर्णय हुनु पर्ने व्यहोराः** दंगीशरण गाउँपालिकाको मौजुदा संगठन संरचना तथा दरबन्दी तेरिज पुनरावलोकन गरी आधारभूत अस्पताल तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरू समेत समेटी नयाँ संगठन संरचना तथा दरबन्दी तेरिज प्रस्ताव गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (१) बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न देहाय बमोजिमको संगठन तथा व्यवस्थापन कार्यदल गठन गर्ने ।

| | | |
|---|---|---|
| १. श्री निमराज भट्टराई | - प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. सम्बन्धित क्षेत्रको विज्ञ | | सदस्य |
| ३. श्री यादवबहादुर डाँगी | अधिकृत (छैठौं) प्रशासन शाखा प्रमुख | सदस्य-सचिव |

निर्णयः संगठन तथा व्यवस्थापन सर्वेक्षण पुनरावलोकन गरी संगठन संरचना तथा दरबन्दी तेरिज प्रस्ताव गर्न आवश्यकता अनुसार परामर्श सेवा लिई कार्य सम्पन्न गर्न उक्त कार्यदल गठन गर्ने ।

प्रस्ताव नं. ५

विद्यालयका प्रधानाध्यापकहरूको नियुक्ति सम्बन्धी मापदण्ड, २०७९ ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** सामुदायिक विद्यालयका प्रधानाध्याकहरूको नियुक्तिलाई कानून सम्मत, न्यायोचित, पारदर्शी बनाई विद्यालयको शैक्षिक, प्रशासनिक व्यवस्थापनको लागि योग्य, अनुभवी र सक्षम व्यक्तिलाई विद्यालयको प्रधानाध्यापक तोक्न सक्ने गरी कानूनी व्यवस्थाका लागि मापदण्ड बनाउन आवश्यक भएकोले ।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा प्रधानाध्यापक नियुक्तिका लागि सामाजिक विकास समितिको मिति २०७९/१२/०३ को निर्णयानुसार सिफारिस भई आएको विद्यालयका प्रधानाध्यापकहरूको नियुक्ती सम्बन्धी मापदण्ड, २०७९ को मस्यौदालाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा दंगीशरण गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी विद्यालयका प्रधानाध्यापकहरूको नियुक्ति सम्बन्धी मापदण्ड, २०७९ संशोधन सहित स्वीकृत गर्ने ।

शम्भु गिरी
अध्यक्ष

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

निर्णयः विद्यालयका प्रधानाध्यापकहरूको नियुक्ति सम्बन्धी मापदण्ड, २०७९ संशोधन सहित स्वीकृत गर्ने ।

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प्रस्ताव नं. ६
विद्यालयका शिक्षक तथा कर्मचारीहरूको काज सरूवा सम्बन्धी मापदण्ड, २०७९ ।

प्रस्तावको संक्षिप्त व्यहोराः विद्यालयमा विद्यार्थी संख्या, शिक्षकहरूको दरबन्दी संख्या, शिक्षक विद्यार्थी अनुपात र विद्यालयको आवश्यकताका आधारमा शिक्षकहरूको काज सरूवालाई व्यवस्थित, न्यायोचित, पारदर्शी बनाउनका लागि विद्यालयका शिक्षक तथा कर्मचारीहरूको काज सरूवा सम्बन्धी मापदण्ड बनाउन आवश्यक भएकोले ।

हुनु पर्ने निर्णयः दंगीशरण गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयका शिक्षकहरूको काज सरूवालाई व्यवस्थित गर्न सामाजिक विकास समितिको मिति २०७९/१२/०३ को बैठकको निर्णयानुसार पेश भएको विद्यालयका शिक्षक तथा कर्मचारीहरूको काज सरूवा सम्बन्धी मापदण्ड, २०७९ को मस्यौदालाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा दंगीशरण गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी विद्यालयका शिक्षकहरूको काज सरूवा सम्बन्धी मापदण्ड, २०७९ संशोधन सहित स्वीकृत गर्ने ।

निर्णयः विद्यालयका शिक्षक तथा कर्मचारीहरूको काज सरूवा सम्बन्धी मापदण्ड, २०७९ संशोधन सहित स्वीकृत गर्ने ।

प्रस्ताव नं. ७
आ.व. २०७८/७९ को अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनले औंल्याएका बेरूजु फछ्र्यौट ।

प्रस्तावको संक्षिप्त व्यहोराः दंगीशरण गाउँपालिकाको आ.व. २०७८/७९ को अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनले औंल्याएका बेरूजु फछ्र्यौटका लागि सम्परीक्षण गरी १४ औं गाउँसभामा प्रस्ताव पेश गर्नु पर्ने भएकोले ।

हुनु पर्ने निर्णयः दंगीशरण गाउँपालिकाको आ.व. २०७८/७९ को अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनले औंल्याएका बेरुजु फछ्र्यौटका लागि सम्परीक्षण गर्नका लागि दंगीशरण गाउँपालिकाको १४ औं गाउँसभामा पेश गर्न स्वीकृति दिने ।

निर्णयः १४ औं गाउँसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

शम्भु गिरी
अध्यक्ष

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ८

पर्यटन शुल्क सम्बन्धी ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाभित्र रहेका पर्यटकीय क्षेत्रहरूबाट संकलन भएको पर्यटन शुल्क दंगीशरण गाउँपालिकाको आन्तरिक राजश्वमा जम्मा गर्ने व्यवस्था मिलाउन आवश्यक भएकोले ।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाभित्र रहेका पर्यटकीय क्षेत्रहरूमा प्रवेश गरेबापत लिइने शुल्कबाट लुम्बिनी प्रदेश आर्थिक ऐन, २०७९ को दफा ७ को उपदफा (४) तथा दंगीशरण गाउँपालिकाको आर्थिक ऐन २०७९ को दफा १४ अनुसार देहायबमोजिम प्रवेश शुल्क लगाई प्रदेश आर्थिक ऐनले तोके बमोजिम ५ प्रतिशतका दरले हुन आउने पर्यटन शुल्कमा लाग्ने कर बापतको रकम आन्तरिक आयमा जम्मा गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने ।

सर्वसाधारण प्रवेश शुल्क रू. ५०/- (पचास)　　विद्यार्थी प्रवेश शुल्क रू. ३०/-(तीस)

**निर्णयः** पर्यटन शुल्कमा लाग्ने कर बापत जम्मा हुने रकम आन्तरिक आयमा जम्मा गर्ने ।

**प्रस्ताव नं. ९**
बहाल बिटौरी कर सम्बन्धी ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिका क्षेत्रभित्र रहेका आफुले निर्माण गरेका, रेखदेख वा सञ्चालन गरेका बजार वा पसल, सार्वजनिक वा ऐलानी पर्ति जग्गा वा सडक वा बाटो किनारमा बनेका संरचनामा कर लगाउन आवश्यक भएकोले ।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाको क्षेत्रभित्र रहेका आफुले निर्माण गरेका, रेखदेख वा सञ्चालन गरेका बजार वा पसल, सार्वजनिक वा ऐलानी पर्ति जग्गा वा सडक वा बाटो किनारमा बनेका संरचनामा देहाय बमोजिम कर लगाउने ।

तपसिल
प्रतिमहिना प्रतिवर्ग मिटर रू. ५/- (पाँच) का दरले हुन आउने रकम

**निर्णयः** उल्लेखित दर बमोजिम बहाल बिटौरी कर असुल गरी आन्तरिक आयमा जम्मा गर्ने ।

**प्रस्ताव नं. १०**
आर्थिक सहायता सम्बन्धी ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाका विभिन्न वडाहरूबाट सिफारिस भई आएका तथा गाउँ कार्यपालिकाको कार्यालयमा सोझै निवेदन दिई आर्थिक सहायता माग गरेका व्यक्तिहरूलाई समस्याको प्रकृति र गाम्भिर्यताको आधारमा आर्थिक सहायता उपलब्ध गराउनु पर्ने ।

भानु गिरी
अध्यक्ष

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

हुनु पर्ने निर्णयः दंगीशरण गाउँपालिकाको आर्थिक सहायता वितरण कार्यविधि, २०७५ बमोजिम आर्थिक सहायता मागको किसिम, समस्याको प्रकृति तथा औचित्यको आधारमा तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने ।

तपसिल

| क्र.स. | व्यक्ति वा संस्थाको नाम | ठेगाना | संहायता रकम | सहायताको कारण |
|---|---|---|---|---|
| १ | श्री लाहानी चौधरी | दंगीशरण-३, दाङ | ३,०००/- | डेङ्गु बिरामी उपचार |
| २ | श्री मनसरी वि.क. | दंगीशरण-२, दाङ | ३,०००/- | पित्त थैलीमा पत्थरी |
| ३ | श्री नितेश श्रेष्ठ | दंगीशरण-६, दाङ | ५,०००/- | छोराको मृगौलामा समस्या निवेदक निरज श्रेष्ठ |
| ४ | श्री रलचित्र पत्रकार संघ | दाङ | ७,०००/- | आर्थिक सहायता |
| ५ | श्री नविता चौधरी | दंगीशरण-३, दाङ | ५,०००/- | औषधी उपचार सहायता निवेदक कविराम चौधरी |
| ६ | श्री चुल्या चौधरी | दंगीशरण-१, दाङ | ५,०००/- | श्रीमतिको औषधी उपचार निवेदक जगतराम चौधरी |
| ७ | श्री सक्रिय युवा क्लब | दंगीशरण-६, दाङ | ५,०००/- | आर्थिक सहायता |
| ८ | श्री नन्दल्लाल थारू | दंगीशरण-४, दाङ | ४,०००/- | औषधी उपचार |
| ९ | श्री भैरव बादी | दंगीशरण-६, दाङ | ३,०००/- | औषधी उपचार |
| १० | श्री आशाराम वली | दंगीशरण-१, दाङ | ३,०००/- | औषधी उपचार सहायता |
| ११ | श्री महेशकुमार दमाई | दंगीशरण-१, दाङ | ३,०००/- | उपचार सहायता (दोहोरो परेको) |
| १२ | श्री भिमबहादुर रोका | दंगीशरण-६, दाङ | ५,०००/- | खेलाडी आर्थिक सहायता (दोहोरो परेको) |

निर्णयः आर्थिक सहायता उपलब्ध गराउने ।

प्रस्ताव नं. ११ विविध

(क) प्रस्तावको संक्षिप्त व्यहोराः दंगीशरण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत ट्याक्टर चालक टिकाराम चौधरीलाई कार्यालय सहयोगीहरूले खाइपाई आएको तलब भत्ता सरह पारिश्रमिक उपलब्ध गराउन आवश्यक भएकोले ।

हुनु पर्ने निर्णयः दंगीशरण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा ट्याक्टर चालक पदमा कार्यरत टिकाराम चौधरीलाई २०७९ चैत्र महिनादेखि लागु हुने गरी यस गाउँपालिका कार्यालयमा करार सेवामा रहेका कार्यालय सहयोगी सरह मासिक तलब भत्ता रू.२०४००/- (अक्षरूपी बीस हजार चार सय मात्र) उपलब्ध गराई ट्याक्टरबाट भएको आम्दानीबाट प्राप्त गर्ने प्रोत्साहन रकम नदिने ।

शम्भु गिरी
अध्यक्ष

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

निर्णयः माथि उल्लेख भए अनुसार गर्ने ।

(ख) **प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाभित्रका सार्वजनिक बाटोहरूको मर्मत सम्भार गरे बापत भुक्तानी दिन बाँकी रहेको रकम भुक्तानी दिनुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** तपसिलमा उल्लेख भएअनुसारका सार्वजिनक बाटोहरू निर्माण तथा मर्मत सम्भार सम्पन्न भई बिल भरपाई पेश हुन आएकोले मर्मत सम्भार कोषबाट व्ययभार हुने गरी भुक्तानी दिने ।

तपसिल

| क्र.सं. | बाटोको नाम | बाटो रहेको स्थान | भुक्तानी हुने रकम |
|---|---|---|---|
| १ | देवी मन्दिरदेखि शिव मन्दिरसम्मको बाटो | दंगीशरण-२, दाङ | ५०,७३२/- |
| २ | बुर्केसालदेखि फुर्केसल्ली सडक मर्मत सम्भार | दंगीशरण-१, दाङ | ४६,६३४/- |
| ३ | हेकुली खेतर्वा सडक मर्मत | दंगीशरण-३, दाङ | २६,२२९/- |
| ४ | चखौरा रावतगाउँ बाटो मर्मत तथा ग्राभेल | दंगीशरण-३, दाङ | २३,८१९/- |

निर्णयः मर्मत सम्भार कोष शिर्षकबाट भुक्तानी दिने ।

(ग) **प्रस्तावको संक्षिप्त व्यहोराः** सडक निर्माणका लागि बोलपत्र आह्वान गरी बचत भएको बजेटबाट सोहि सडकहरूको निर्माणका लागि पुनः बोलपत्र आह्वान गर्नु पर्ने भएकोले।

**हुनु पर्ने निर्णयः** यस अघि टेण्डर विधिबाट निर्माण कार्य अगाडी बढाइएका तपसिल बमोजिमका सडकहरूको बोलपत्र आह्वान पछि निर्माण सम्झौता समेत भई बाँकी रहन गएको रू. ८६,२२,५२५/-बाट व्ययभार हुने गरी सोहि सडकहरूको थप निर्माण कार्य गर्नका लागि सार्वजनिक खरिद ऐन, २०६४ बमोजिम पुनः बोलपत्र आह्वान गर्ने ।

तपसिल

| क्र.सं. | सडकको नाम | सडक रहेको स्थान | कैफियत |
|---|---|---|---|
| १ | बागरदेखि दामोदर सडक निर्माण योजना | दंगीशरण वार्ड नं. ६ | |
| २ | बैवाङ रामपुर सडक कालोपत्रे | दंगीशरण वार्ड नं. १ | |
| ३ | दमारगाउँ गोल्टाकुरी सडक कालोपत्रे | दंगीशरण वार्ड नं. २ | |
| ४ | हेकुली बिरेन्द्र स्कुलदेखि चिरेगार सडक कालोपत्रे | दंगीशरण वार्ड नं. ३ | |
| ५ | हेकुली चौकदेखि मौली बालुवा सडक कालोपत्रे | दंगीशरण वार्ड नं. ४ | |
| ६ | डाँडागाउँ वार्ड कार्यालयदेखि पोटली डबरा हुँदै हेकुलीसम्म सडक कालोपत्रे | दंगीशरण वार्ड नं. ५ | |
| ७ | रचपल बुटनिया सडक कालोपत्रे | दंगीशरण वार्ड नं. ७ | |

निर्णयः बाँकी बजेट रकमबाट व्ययभार हुने गरी पुनः बोलपत्र आह्वान गर्ने ।

शम्भु गिरी
अध्यक्ष

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

(घ) प्रस्तावको संक्षिप्त व्यहोराः सि.बि.आर. सहजकर्ता श्री पुजा चौधरीको पारिश्रमिक निर्धारण गरी करार सम्झौंता गर्नु पर्ने भएकोले ।४५

हुनु पर्ने निर्णयः यस गाउँपालिकाको मिति २०७९/०९/ २९ को प्रतियोगितात्मक छनौट परिक्षाबाट सफल भएका सि.बि.आर. सहजकर्ता श्री पुजा चौधरीको मासिक पारिश्रमिक रू. २५,२९०/- कायम हुने गरी मिति २०७९/१०/ २२ गते देखि लागु हुने गरी २०८० असाढ मसान्त सम्मको लागि करार सम्झौता गर्ने ।

निर्णयः माथि उल्लेख भएबमोजिम गर्ने ।

शम्भु गिरी
अध्यक्ष

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत